कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २९, अंकः९०
बिहीबार, १९ कात्तिक २०८३
(Thursday, 5 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-
समाचार र विचारको स्वतन्त्र संवाहक
कालपृष्ठ
kalpristhanews.com
राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा
हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

आयुर्वेद सेवाबारे भ्रामक प्रचारलाई रोक्न सक्रिय हुँदै स्वास्थ्यकर्मी



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १८ कात्तिक

नेपाल आयुर्वेद स्वास्थ्यकर्मी समाज बाँकेले आयुर्वेद उपचार तथा सेवाका नाममा भइरहेको भ्रामक प्रचारप्रसार र तथ्यहीन सूचनाको प्रवाह रोक्न सक्रिय पहल गर्ने निर्णय गरेको छ। समाजको नवनिर्वाचित जिल्ला कार्यसमितिको प्रथम बैठकले आयुर्वेदको वास्तविक महत्व, उपचार पद्धति र सेवाबारे आम नागरिकलाई सही सूचना प्रवाह गर्दै भ्रमपूर्ण प्रचारप्रसार नियन्त्रणको लागि योजनाबद्ध रूपमा काम गर्ने निर्णय गरेको हो।

नेपाल आयुर्वेद स्वास्थ्यकर्मी समाज बाँकेका नवनिर्वाचित अध्यक्ष किरण खनालको अध्यक्षतामा मंगलबार नेपालगन्जमा बसेको बैठकले आयुर्वेद उपचारका नाममा विभिन्न व्यक्ति तथा संस्थाले गर्ने गरेका अवैज्ञानिक, अतिरञ्जित र तथ्यहीन प्रचार-प्रसारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। बैठकले यस्ता गतिविधि नियन्त्रण गर्न सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कारबाहीको लागि पहल गर्ने निर्णय गरेको अध्यक्ष खनालले कालपृष्ठ दैनिकलाई बताउनु भयो।

पछिल्लो समय आयुर्वेद औषधि तथा उपचार सेवाको प्रचारप्रसार गर्ने क्रममा 'ग्यारेन्टीका साथ उपचार', 'सतप्रतिशत बिरामी निको हुने', 'निको नभए पैसा फिर्ता' जस्ता दाबी गर्दै सर्वसाधारणलाई आकर्षित गर्ने सुचनाहरू बढ्दै गएको भन्दै समाजले चिन्ता व्यक्त गरेको छ। त्यसैगरी अनलाइन मार्केटिङ, विभिन्न स्थानमा ठूलो आवाजमा माइकिङ गरी आयुर्वेदजन्य औषधिको बिक्रीवितरण गर्ने तथा उपचारको विषयमा अतिरञ्जित दाबी गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्ने बैठकको निष्कर्ष छ।

यस्ता भ्रामक प्रचारप्रसारले आयुर्वेद उपचार पद्धतिप्रति आम नागरिकमा गलत बुझाइ सिर्जना गर्नुका साथै वास्तविक र वैज्ञानिक आधारमा प्रदान गरिने आयुर्वेद स्वास्थ्य सेवाको विश्वसनीयतामा समेत असर पार्न सक्ने भएकोले त्यस्ता गतिविधिलाई रोक्न पहल गर्ने तयारी गरेको अध्यक्ष खनालले बताउनु भयो।

तथ्यहीन प्रचार गर्ने व्यक्ति तथा संस्थाको गतिविधिबारे सम्बन्धित निकायलाई जानकारी गराई आवश्यक छानबिन तथा कानुनी कारबाहीका लागि अनुरोध गर्ने निर्णय गरिएको अध्यक्ष खनालले बताउनुभयो।

बाँकी २ पृष्ठमा

राप्तीसोनारीमा धानको बजार सुनिश्चित गर्दै साकार कृषि सहकारी

कालपृष्ठ समाचारदाता

राप्ती सोनारी, १८ कात्तिक

बाँकेको राप्ती सोनारी गाउँपालिका-६ स्थित साकार कृषि सहकारी संस्था लिमिटेडले यो वर्ष किसानसँग गाउँमै १० हजार क्विन्टल धान खरिद गर्ने भएको छ।

किसानले उत्पादन गरेको सबै जातको धानको उचित मूल्य सुनिश्चित गरी धान खरिद गर्ने कार्य सुरु गरिएको सहकारीका मुख्य प्रबन्धक जमानसिंह वलीले बताए।

"स्थानीय कृषकलाई प्रोत्साहन गर्न र उनीहरूको उत्पादनको उचित मूल्य सुनिश्चित गर्न धान खरिद गर्ने योजना बनाइएको छ," वलीले भने, "सहकारीले किसानको मेहनतलाई सम्मान गर्दै धानको फरक-फरक मूल्य निर्धारण गरेको छ।"

उनका अनुसार सहकारीले मसिनो धान प्रतिक्विन्टल रु तीन हजार २००, राधा ४ मोटो प्रतिक्विन्टल रु। दुई हजार ८५०, हाइब्रिड (जुन सुकै) प्रतिक्विन्टल रु दुई हजार ७५० मूल्य निर्धारण गरेको छ। सहकारीले घोषणा गरेको यो योजनाअन्तर्गत धान बेच्न इच्छुक कृषकले सम्बन्धित धान संस्थाको गोदाम घर तथा सङ्कलन केन्द्रमा ल्याउनु पर्नेछ।

किसानको १० हजार क्विन्टल धान गाउँमै खरिद गर्ने यस अभियानले राप्ती सोनारी क्षेत्रका किसानको आर्थिकस्तर उकास्न र उनीहरूलाई बजारीकरणमा सहजता प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको उनको भनाइ छ।

राप्ती सोनारी-६ फत्तेपुरको टेपरीमा केन्द्रीय कार्यालय रहेको साकार कृषि सहकारी संस्थामा आठ हजार बढी किसान सदस्य रहेका छन्। राप्ती सोनारी-५ बिनौनास्थित सहकारीको गोदाममा किसानको धान खरिद गरेर भण्डारणको व्यवस्था मिलाइएको संस्थाका अध्यक्ष हुमाशङ्कर वलीले बताए।

उनका अनुसार, सहकारीले किसानलाई बीउ धान उत्पादनका लागि पनि प्रोत्साहन गर्दै आएको छ। किसानले उत्पादन गरेको बीउ धान सहकारीले खरिद गर्ने गरेको छ।

साकार कृषि सहकारी संस्थाले किसानको हितलाई दृष्टिगत गर्दै कुल रु ५५ लाखको लागानीमा यो वर्षदेखि अत्याधुनिक 'सिल्की चामल मिल' जडान गरी सञ्चालनमा ल्याएको छ। यो मिल सञ्चालनमा आएसँगै राप्ती सोनारीका किसानले उत्पादन गरेको धान सहकारीमार्फत सहजै बिक्री वितरण हुनेछ। कुटानी-पिसानीको सुविधा गाउँमै उपलब्ध भएको वलीको भनाइ छ।

स्थानीय तहमै कृषि उपजको प्रशोधन र बजारीकरणको व्यवस्था भएपछि राप्ती सोनारीका किसानमा व्यावसायिक कृषिप्रतिको आकर्षण थप बढ्ने विश्वास लिइएको उनले बताए।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बाँके जिल्लामा धान खरिदका लागि १० हजार क्विन्टल मात्रै कोटा निर्धारण भएकोले गाउँ-गाउँमा सहकारीले धान खरिद गर्ने कार्य गरे किसानलाई ठुलो राहत हुने किसान महासङ्घ बाँकेका अध्यक्ष कृष्णबिक्रम केसीले बताए।

यस वर्षको मनसुनजन्य विपदमा १३३ जनाको मृत्यु

नेपालगन्ज, १८ कात्तिक (कालपृष्ठ)-यस वर्षको मनसुन अवधिमा मुलुकभर भएका विपद्जन्य घटनामा परी १३३ जनाको मृत्यु भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार भोटेकोशी बाढीबाहेक ती विपद् का घटनामा परी १४ जना बेपत्ता र २२७ जना घाइते भएका छन्।

प्राधिकरणका प्रवक्ता राम केसीले त्यस्ता मनसुनजन्य विपदबाट तीन हजार ५३३ परिवार प्रत्यक्ष प्रभावित भएको जानकारी दिए। यस वर्षको मनसुन ११८ दिनसम्म रहेको थियो। गत वर्षको मनसुन अवधिमा १४० जनाको मृत्यु भएको थियो भने ३० जना बेपत्ता र ३०० जना घाइते भएका थिए।

उक्त अवधिमा पाँच हजार ९९५ परिवार प्रत्यक्ष प्रभावित भएका भएको प्राधिकरणबाट उपलब्ध तथ्याङकमा उल्लेख छ। प्रवक्ता केसीका अनुसार यस वर्ष मनसुनजन्य विपद्का घटनाबाट ७७ वटै जिल्ला प्रभावित भए भने मानवीय क्षतिको आधारमा ४५ जिल्ला बढी प्रभावित भएका थिए।





मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

निजामतीमा सुधार र पुस्तान्तरण



- निजामती सेवा राज्य सञ्चालनको स्थायी आधार
- नयाँ अवकाश नीतिले प्रशासनिक रिक्तता ल्याउन सक्छ
- अनुभव हस्तान्तरणबिनाको पुस्तान्तरण जोखिमपूर्ण



रामप्रसाद आचार्य

निजामती सेवा राज्य सञ्चालनको स्थायी, व्यावसायिक र संस्थागत स्मृतिको प्रमुख आधार हो। सरकार र राजनीतिक नेतृत्व परिवर्तन भइरहन्छन्, नीति तथा प्राथमिकता फेरिन्छन् तर राज्यका नीति, कानुन, प्रशासनिक प्रक्रिया र सार्वजनिक सेवा निरन्तर सञ्चालन गर्ने जिम्मेवारी निजामती सेवाले वहन गर्दछ। त्यसैले निजामती सेवासम्बन्धी कानुन निर्माण गर्दा कर्मचारी व्यवस्थापनलाई केवल दरबन्दी घटाउने, कर्मचारी सङ्ख्या नियन्त्रण गर्ने वा नयाँ पुस्तालाई प्रवेश गराउने विषयका रूपमा मात्र हेर्नु उपयुक्त हुँदैन। यसलाई राज्यको संस्थागत क्षमता, प्रशासनिक निरन्तरता, सेवा सुरक्षा, वृत्ति विकास र सार्वजनिक सेवा प्रवाहसँग जोडेर हेर्न आवश्यक हुन्छ।

हाल प्रस्तावित सङ्घीय निजामती सेवा विधेयकमा ऐन प्रारम्भ हुँदाका बखत ५५ वर्ष उमेर पूरा गरेका वा ३० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई एक पटकका लागि अनिवार्य अवकाश दिने र त्यसपछि नियमित अवकाश उमेर ६० वर्ष कायम गर्ने प्रस्ताव गरिएको छ। यो व्यवस्था सामान्य अवकाश उमेर परिवर्तन मात्र होइन, सङ्क्रमणकालीन रूपमा विद्यमान कर्मचारी संरचनामा ठुलो पुनर्संरचना गर्ने नीति हो। यसले नयाँ पुस्तालाई अवसर दिने र प्रशासनलाई गतिशील बनाउने सम्भावना राखे पनि पर्याप्त तयारी र सङ्क्रमण योजनाबिना लागु गर्दा अनुभवी जनशक्ति गुम्ने, प्रशासनिक रिक्तता सिर्जना हुने, संस्थागत स्मृति कमजोर हुने र कर्मचारीमा अन्यायको अनुभूति बढ्ने जोखिम पनि उत्तिकै छ।

अवकाश व्यवस्था र सेवा सर्त

हाल प्रचलित निजामती सेवा ऐन, २०४९ को दफा ३३ अनुसार सामान्यतया ५८ वर्ष उमेर पूरा भएपछि निजामती कर्मचारीले अनिवार्य अवकाश पाउने व्यवस्था छ। निश्चित अवस्थामा स्वैच्छिक अवकाशको समेत व्यवस्था गरिएको छ। त्यस्तै २० वर्ष वा सोभन्दा बढी सरकारी सेवा गरेका कर्मचारीका लागि निवृत्तिभरणसम्बन्धी व्यवस्था रहेको छ। अर्कोतर्फ, ऐनको दफा ५८ ले कर्मचारीका सेवाका सर्तको सुरक्षालाई महत्व दिएको छ। नियुक्तिका समयमा लागु रहेका तलब, उपदान, निवृत्तिभरण तथा अन्य सेवा सुविधामा कर्मचारीको स्वीकृतिबिना प्रतिकूल असर पर्ने गरी परिवर्तन गर्न नहुने व्यवस्था यससँग सम्बन्धित छ। यस पृष्ठभूमिमा नयाँ कानुनले विद्यमान कर्मचारीको अवकाश उमेर वा सेवा अवधिमा परिवर्तन गर्दा प्रश्न केवल 'सरकारले कानुन बनाउन सक्छ कि सक्दैन ?' भन्ने हुँदैन। प्रश्न यो पनि हो कि यस्तो परिवर्तन विद्यमान कर्मचारीको सेवा सर्त, वैधानिक अपेक्षा, समानता र न्यायोचित व्यवहारको सिद्धान्तसँग कत्तिको मेल खान्छ।

अवकाश र समानता

प्रस्तावित व्यवस्था सङ्क्रमणकालीन प्रकृतिको देखिन्छ। ऐन प्रारम्भ भएको दिनलाई आधार मानेर ५५ वर्ष पुगेका वा ३० वर्ष सेवा पूरा गरेका कर्मचारीलाई अवकाश दिने र बाँकी कर्मचारीका लागि अवकाश उमेर ६० वर्ष कायम गर्ने व्यवस्था हुँदा एउटै सेवामा कार्यरत कर्मचारीबिच कानुन लागु भएको मितिका कारण सेवा अवधिमा ठुलो अन्तर पर्न सक्छ। उदाहरणका लागि, ऐन लागु हुनुभन्दा केही दिनअघि ५५ वर्ष पुगेको कर्मचारीले अवकाश लिनुपर्ने तर ऐन लागु भएको केही दिनपछि ५५ वर्ष पुग्ने कर्मचारीले ६० वर्षसम्म सेवा गर्न पाउने अवस्था सिर्जना भएमा दुई कर्मचारीबिच सेवा अवधिमा करिब पाँच वर्षसम्मको अन्तर हुन सक्छ। त्यस्तै ३० वर्ष सेवा पूरा गरेको कर्मचारी र २९ वर्ष ११ महिना सेवा गरेको कर्मचारीको अवस्थासमेत फरक हुन सक्छ। यसले समान अवस्थामा रहेका कर्मचारीलाई समान व्यवहार गर्ने प्रशासनिक न्यायको प्रश्न उठाउन सक्छ।

कानुनी र संवैधानिक विषय : नयाँ कानुनले भविष्यका लागि नयाँ अवकाश उमेर तोक्नु र विद्यमान कर्मचारीलाई पुरानो कानुन अन्तर्गत अपेक्षित सेवा अवधिभन्दा अघि नै अवकाश दिनु एउटै विषय होइन। नयाँ नियुक्त हुने कर्मचारीका लागि ६० वर्षको अवकाश उमेर तोक्नु सामान्य नीतिगत सुधार हुन सक्छ। तर पहिलेदेखि ५८ वर्षसम्म सेवा गर्ने अपेक्षासहित सेवामा प्रवेश गरेका कर्मचारीलाई बिचमै ५५ वर्ष वा ३० वर्ष सेवाका आधारमा अवकाश दिँदा सेवा सर्त र वैधानिक अपेक्षाको प्रश्न उठ्छ। यसलाई स्वतः असंवैधानिक भन्न मिल्दैन। संसद्को कानुन निर्माण गर्ने अधिकार व्यापक छ तर विद्यमान कर्मचारीको संरक्षित सेवा सर्तमा प्रतिकूल प्रभाव पर्ने व्यवस्था पर्याप्त सङ्क्रमण, सुरक्षात्मक प्रबन्ध वा न्यायोचित व्यवस्थाबिना लागु गर्दा कानुनी विवादको सम्भावना बढ्न सक्छ। समानता, कानुनको शासन, न्यायोचित व्यवहार र राज्यको तर्कसङ्गत निर्णय पनि यसमा महत्वपूर्ण हुन्छ।

संस्थागत स्मृतिमा प्रभाव : निजामती सेवाको वास्तविक शक्ति केवल दरबन्दी वा भौतिक पूर्वाधारमा होइन, संस्थागत ज्ञान र अनुभवमा हुन्छ। विगतका निर्णय किन गरिए, कुनै नीति कार्यान्वयन गर्दा कुन प्रक्रिया प्रभावकारी हुन्छ, सङ्घ, प्रदेश र स्थानीय तहबिच कस्तो समन्वय आवश्यक हुन्छ तथा जटिल प्रशासनिक परिस्थितिमा कसरी निर्णय लिने भन्ने ज्ञान धेरै पटक लिखित कानुनमा मात्र भेटिँदैन। यस्तो ज्ञान कर्मचारीको लामो अनुभवबाट विकसित हुन्छ। एकै पटक ठुलो सङ्ख्यामा अनुभवी कर्मचारी अवकाशमा गएमा सचिव, सहसचिव, उपसचिव र शाखा अधिकृत तहसम्म नेतृत्व तथा व्यवस्थापकीय रिक्तता आउन सक्छ। यसले नयाँ पुस्ताका लागि पदोन्नतिको अवसर अवश्य बढाउन सक्छ, तर पर्याप्त नेतृत्व अनुभव र ज्ञान हस्तान्तरणबिना जिम्मेवारी दिँदा प्रशासनिक जोखिम पनि उत्पन्न हुन सक्छ। त्यसैले पुस्तान्तरण आवश्यक भए पनि त्यो केवल 'पुरानो पुस्ताको बहिर्गमन' होइन, 'अनुभवसहितको नेतृत्व हस्तान्तरण' हुनु पर्छ।

निजामती सेवाको मनोबल : विशेषज्ञता आवश्यक पर्ने क्षेत्रमा बाहिरबाट निश्चित अवधिका लागि विज्ञ वा प्राविधिक जनशक्ति ल्याउने व्यवस्था आफैंमा अस्वाभाविक होइन तर ३० वर्ष सेवा गरेका अनुभवी कर्मचारीलाई ५५ वर्षमै अवकाश दिएर सोही प्रकृतिको जिम्मेवारी बाहिरबाट करारमा ल्याइयो भने स्थायी सेवाभित्र गम्भीर मनोवैज्ञानिक र व्यावसायिक प्रश्न उठ्न सक्छ। त्यसैले बाह्य विशेषज्ञ नियुक्ति 'निजामती सेवाको विकल्प' नभई 'विशेषज्ञताको पूरक व्यवस्था' हुनु पर्छ। खुला प्रतिस्पर्धा, स्पष्ट योग्यता, निश्चित कार्यक्षेत्र, समयसीमा र हित-द्वन्द्व नियन्त्रणका आधारमा मात्र यस्तो व्यवस्था प्रभावकारी हुन सक्छ।

अवकाशका सकारात्मक उद्देश्य

प्रस्तावित व्यवस्थाका सकारात्मक उद्देश्यलाई पनि कम आँक्न मिल्दैन। प्रशासनमा पुस्तान्तरण, पदोन्नतिको अवसर विस्तार, नयाँ सिप र प्रविधिको प्रवेश, सङ्गठन पुनर्संरचना तथा कर्मचारी सङ्ख्या व्यवस्थापन आवश्यक विषय हुन्। लामो समयसम्म एउटै संरचना कायम रहँदा पदोन्नति सुस्त हुने र युवा कर्मचारीमा निराशा उत्पन्न हुने समस्या आउन सक्छ तर मूल प्रश्न 'पुस्तान्तरण गर्ने कि नगर्ने ?' होइन 'पुस्तान्तरण कसरी न्यायोचित, योजनाबद्ध र प्रशासनिक रूपमा सुरक्षित बनाउने ?' भन्ने हो।

अवकाशका वैकल्पिक उपाय

यदि सरकारको उद्देश्य कर्मचारी अवसर दिनु हो भने सामूहिक अनिवार्य अवकाशभन्दा वैज्ञानिक विकल्प अपनाउन सकिन्छ। जस्तै पहिलो, आकर्षक स्वैच्छिक अवकाश योजना। निश्चित उमेर वा सेवा अवधि पूरा गरेका कर्मचारीलाई अतिरिक्त आर्थिक सुविधा, निवृत्तिभरण सुरक्षा, स्वास्थ्य बिमा, परामर्श सेवामा अवसरलगायतका सुविधा दिएर स्वैच्छिक अवकाशलाई आकर्षक बनाउन सकिन्छ। दोस्रो, दरबन्दी पुनरवलोकन। प्रत्येक मन्त्रालय, विभाग र कार्यालयको कार्यबोझ, आवश्यक सिप र जनशक्तिको वैज्ञानिक अध्ययन गरी अनावश्यक दरबन्दीमा नयाँ नियुक्ति रोक्न सकिन्छ। तेस्रो, पदपूर्तिमा रोकावट। स्वाभाविक अवकाशबाट खाली हुने पदमध्ये आवश्यकता अनुसार मात्र पदपूर्ति गर्ने नीति अवलम्बन गर्न सकिन्छ। यसले एकै पटक प्रशासनिक झट्का नदिई क्रमशः कर्मचारी संरचना सन्तुलित गर्न सहयोग पुऱ्याउँछ। चौथो, संस्थागत ज्ञान हस्तान्तरण। अवकाशअघि वरिष्ठ कर्मचारीबाट महत्वपूर्ण कार्य, निर्णयको संस्थागत इतिहास, चालु परियोजना, सरोकारवाला सम्पर्क, जोखिम र आगामी कार्ययोजना व्यवस्थित रूपमा हस्तान्तरण गराउने व्यवस्था गर्नु पर्छ। पाँचौं, अनुभवी कर्मचारीबाट विज्ञताको अनुशिक्षण। अवकाश नजिक पुगेका दक्ष कर्मचारीलाई नीति परामर्श, प्रशिक्षण, परियोजना मूल्याङ्कन, संस्थागत क्षमता विकास तथा अन्तर्राष्ट्रिय समन्वयमा निश्चित अवधिका लागि परिचालन गर्न सकिन्छ। यसबाट अनुभवी जनशक्तिलाई राज्यको सम्पत्तिका रूपमा उपयोग गर्न सकिन्छ।

आवश्यक संस्थागत सुधार : अवकाश उमेर परिवर्तन मात्रले निजामती सेवा सुधार हुँदैन। यससँगै सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा दरबन्दी निर्धारण, क्षमतामा आधारित निजामती सेवा, कार्यसम्पादनमा आधारित वृत्ति विकास, उत्तराधिकार योजना, नेतृत्व विकास र डिजिटल ज्ञान व्यवस्थापन आवश्यक छन्। बाह्य विशेषज्ञ नियुक्तिमा पनि पारदर्शी मापदण्ड र स्पष्ट कार्यक्षेत्र आवश्यक हुन्छ। यदि ५५ वर्ष वा ३० वर्ष सेवा पुगेका कर्मचारी व्यवस्थापन गर्नैपर्ने निष्कर्षमा सरकार पुगेको हो भने चार चरणको सङ्क्रमण मोडेल उपयोगी हुन सक्छ- पहिलो, सङ्गठन र कार्यसम्पादनको आवश्यकता मूल्याङ्कन; दोस्रो, आकर्षक स्वैच्छिक अवकाश; तेस्रो, अत्यावश्यक विशेषज्ञ पदमा सीमित सेवा निरन्तरता र चौथो, रिक्त पदमा प्रतिस्पर्धात्मक रूपमा नयाँ पुस्ताको प्रवेश। साथै कर्मचारी समायोजनका सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले सरकारका नाममा दिएका एघार बुँदे निर्देशनात्मक आदेशको पनि ख्याल गर्नुपर्ने हुन्छ।

निष्कर्ष : निजामती प्रशासनमा संरचनात्मक सुधार अपरिहार्य छ। अनावश्यक दरबन्दी, सुस्त वृत्ति विकास, कार्यसम्पादनको कमजोरी, प्रविधि अनुकूलनको अभाव र नयाँ पुस्ताका लागि सीमित अवसर जस्ता समस्याको समाधान गर्नु पर्छ तर प्रशासन सुधार र अनुभवी कर्मचारीको सामूहिक बहिर्गमन एउटै विषय होइन। ५५ वर्ष उमेर वा ३० वर्ष सेवा अवधिका आधारमा एकै पटक ठुलो संख्यामा कर्मचारीलाई अवकाश दिँदा नयाँ पुस्ताका लागि अवसर सिर्जना हुन सक्छ; तर त्यससँगै संस्थागत स्मृति, प्रशासनिक निरन्तरता र नेतृत्व क्षमतामा क्षति पुग्ने जोखिम पनि हुन्छ। त्यसैले राज्यको नीति 'अनुभवलाई विस्थापित गर्ने' होइन, 'अनुभवलाई हस्तान्तरण गर्ने' हुनु पर्छ। पुरानो पुस्तालाई सम्मानपूर्वक व्यवस्थापन गर्दै नयाँ पुस्तालाई योजनाबद्ध रूपमा नेतृत्वमा ल्याउनु पर्छ। स्वैच्छिक अवकाश, आकर्षक गोल्डेन ह्यान्डसेकलगायतका सुविधा, दरबन्दी पुनरवलोकन, प्राकृतिक ह्रास र सेवानिवृत्ति, ज्ञान हस्तान्तरण, उत्तराधिकार योजना र कार्यसम्पादनमा आधारित वृत्ति विकासलाई एकीकृत सुधार प्याकेजका रूपमा अघि बढाउनु बढी उपयुक्त देखिन्छ।

अन्ततः निजामती सेवा सुधारको सफलता 'कति कर्मचारी अवकाशमा गए ?' भन्ने प्रश्नबाट होइन, "अवकाश र पुस्तान्तरणपछि राज्यको प्रशासन अझ सक्षम, उत्तरदायी, व्यावसायिक र प्रभावकारी भयो कि भएन ?" भन्ने प्रश्नबाट मापन गरिनु पर्छ। त्यसैले प्रस्तावित ५५ वर्ष वा ३० बर्से एक पटकको अनिवार्य अवकाश व्यवस्थामाथि छलफल गर्दा कर्मचारीको व्यक्तिगत हित र सेवा सुरक्षासँगै राज्यको संस्थागत स्मृति, सार्वजनिक सेवा निरन्तरता, प्रशासनिक दक्षता र सुशासनको दीर्घकालीन हितलाई केन्द्रमा राखी आवश्यक परिमार्जनसहित अघि बढ्नु उचित हुन्छ।-गोरखापत्र

पहिलो पृष्ठबाट बाँकी

आयुर्वेद...

समाजले आयुर्वेद स्वास्थ्य सेवाको वास्तविक अवस्था, महत्व, उपयोगिता र उपचार पद्धतिबारे आम नागरिकलाई सही जानकारी उपलब्ध गराउन संस्थागत रूपमा अभियान सञ्चालन गर्ने भएको छ। यसका लागि स्थानीय तह, स्वास्थ्यसँग सम्बन्धित सरकारी निकाय तथा अन्य सरोकारवाला संस्थासँग सहकार्य र समन्वय गरेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

बैठकले आयुर्वेद स्वास्थ्य सेवाको पहुँचलाई स्थानीयस्तरसम्म विस्तार गर्ने उद्देश्यले जिल्लाका विभिन्न स्थानीय तहमा आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णयसमेत गरेको छ। आयुर्वेद सेवाबारे नागरिकलाई जानकारी दिन पालिका स्तरमा सूचना तथा प्रचारप्रसार सामग्री उत्पादन गर्ने, आवश्यकताअनुसार होडिङ बोर्ड निर्माण गर्ने र स्थानीयस्तरमा जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने योजना बैठकले अघि सारेको छ।

यसैगरी आयुर्वेद स्वास्थ्य सेवाका कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय सरकारसँग समन्वय गरी पालिकास्तरमा उपलब्ध सेवा, जनशक्ति तथा आवश्यकताका आधारमा कार्यक्रम विस्तार गर्दै लैजाने निर्णय गरिएको अध्यक्ष खनालले जानकारी दिनुभयो।

समाजको संस्थागत विकास र नियमित गतिविधि सञ्चालनका लागि बैठकले आन्तरिक आर्थिक कोष निर्माण गर्ने निर्णय पनि गरेको छ। त्यसका लागि कार्यसमितिका सदस्यहरूबाट मासिक लेबी संकलन गरिनेछ। संस्थाको कामलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाउन प्रत्येक महिनाको तेस्रो साताभा जिल्ला कार्यसमितिको नियमित बैठक बस्ने निर्णयसमेत गरिएको छ।

करिब एक महिनाअघि नेपाल आयुर्वेद स्वास्थ्यकर्मी समाज बाँकेको नयाँ जिल्ला कार्यसमिति निर्वाचित भएको थियो। नवनिर्वाचित कार्यसमितिले पहिलो बैठकबाटै आयुर्वेद सेवाको गुणस्तर अभिवृद्धि, गलत प्रचारप्रसार नियन्त्रण, नागरिकमा जनचेतना विस्तार तथा स्थानीय तहसम्म आयुर्वेद सेवाको पहुँच बढाउने विषयलाई प्राथमिकतामा राखेको छ।

समाजको नयाँ कार्यसमितिको उपाध्यक्षमा सुमित्रा थापा, सचिवमा राशन शर्मा र कोषाध्यक्षमा अन्जना थारु निर्वाचित हुनुभएको छ। त्यसैगरी सदस्यहरूमा लीला कुमारी विष्ट, सिताराम चौधरी, उर्मिला थारु, लक्ष्य बहादुर विक, जय मंगल प्रसाद पटेल, पवित्रा पोखेल र मन्जु रावत रहनुभएको छ। समाजको सल्लाहकारमा डा. गीता रेग्मी रहनुभएको छ।

समाजले आयुर्वेद उपचार पद्धतिप्रति जनविश्वास अभिवृद्धि गर्न सही सूचना प्रवाह, गुणस्तरीय सेवा र जिम्मेवार प्रचारप्रसारलाई प्राथमिकता दिने जनाएको छ। जिल्लामा आयुर्वेद स्वास्थ्य सेवाको प्रभावकारी विस्तारको लागि स्थानीय सरकार तथा सरोकारवाला निकायसँग सहकार्य गर्दै आगामी दिनमा थप कार्यक्रम सञ्चालन गर्ने समाजको योजना रहेको अध्यक्ष खनालले बताउनु भयो।

स्थानीय तहबाटै स्वास्थ्य बीमामा सामूहिक आबद्धता र नवीकरण गर्न सकिने

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १८ कात्तिक



स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको सामूहिक आबद्धता तथा नवीकरण अब प्रदेश र स्थानीय तहबाटै डिजिटल माध्यमबाट गर्न सकिने भएको छ।

स्वास्थ्य बीमा बोर्डले प्रदेश र स्थानीय तहबाटै अनलाइन माध्यमबाट यस्तो सेवा लिन सकिने व्यवस्था सुरु गरेको छ।

बोर्डले एचआईबी ई-पोर्टलमार्फत प्रदेश तथा स्थानीय तहका लागि डिजिटल सामूहिक आबद्धता र नवीकरण सेवा सञ्चालनमा ल्याएको हो।

पहिलो चरणमा काठमाडौंको गोकर्णेश्वर नगरपालिका र कपिलवस्तुको कपिलवस्तु नगरपालिकालाई संस्थागत प्रयोगकर्ताका रूपमा पहुँच दिएर सेवा सुरु गरिएको बोर्डले जनाएको छ।

यसअघि प्रदेश तथा स्थानीय तहले आफ्नो बजेटबाट लक्षित वर्ग, विपन्न नागरिक, कर्मचारी वा अन्य लाभग्राहीलाई निःशुल्क स्वास्थ्य बीमामा आबद्ध गराउँदा कागजी प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था थियो।

स्थानीय तहले दर्ता सहयोगीमार्फत नागरिकको विवरण संकलन गरी फारम भर्ने, जिल्ला कार्यालयमा बुझाउने र त्यसपछि योगदान रकम भुक्तानी गर्ने प्रक्रिया अपनाउँदै आएका थिए।

नयाँ व्यवस्थाअनुसार अब स्थानीय तहले बोर्डबाट प्राप्त प्रयोगकर्ता पहुँच (युजर आईडी)मार्फत आफ्नै ड्यासबोर्डबाट नागरिक तथा परिवारको विवरण प्रविष्ट गरी सामूहिक रूपमा बीमामा आबद्ध गराउन सक्नेछन्। विवरण अनलाइनबाटै पेस गरेपछि बीमा कार्डसमेत प्रणालीबाटै तयार हुनेछ। योगदान रकमको हिसाब र भुक्तानी पनि सोही पोर्टलबाट गर्न सकिनेछ।

बोर्डका सूचना अधिकारी विकेश मल्लका अनुसार यस प्रणाली विशेषगरी प्रदेश तथा स्थानीय तहले आफ्नै स्रोतबाट नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराउँदा सहज होस् भन्ने उद्देश्यले विकास गरिएको हो।

'पहिला स्थानीय तहले नागरिकको विवरण संकलन गरेर फारम भर्ने, जिल्ला कार्यालयमा बुझाउने र भुक्तानीका लागि छुट्टै प्रक्रिया पूरा गर्नुपर्ने अवस्था थियो। अब पालिकालाई पोर्टलको पहुँच दिएपछि आफ्नै ड्यासबोर्डबाट विवरण भर्न, आबद्ध गर्न र कार्ड तयार गर्न सकिन्छ,' मल्लले भने।

उनका अनुसार नयाँ प्रणालीले दुर्गम क्षेत्रका स्थानीय तहलाई थप सहज हुनेछ। यसअघि योगदान रकम जम्मा गर्न जिल्ला सदरमुकामसम्म पुग्नुपर्ने वा बैंकमार्फत भुक्तानी गर्नुपर्ने अवस्था थियो। अब डिजिटल प्रणालीबाटै भुक्तानी गर्न सकिने भएकाले प्रशासनिक झन्झट र समय घट्ने बोर्डले जनाएको छ।

प्रदेश तथा स्थानीय तहले आफ्ना लक्षित वर्गलाई स्वास्थ्य बीमामा आबद्ध गराउने कामलाई पनि यसले सहज बनाउने मल्लले बताए।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट बैकबाट घ वर्गको इजाजतपत्र प्राप्त संस्था राष्टिय स्तरको कार्यक्षेत्र भएको ऋण कर्जा चुक्ता गर्ने सम्वन्धि ३५ दिने सार्वजनिक सूचना।

प्रकाशित मिती : २०८३/०७/१९

यस ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.बाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण राखी वा सामूहिक जमानीमा लिएको कर्जा तपसिलका ऋणीहरूले लिएको ऋण कर्जाको सांवा व्याज लगाएतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासंगको शर्त कवुलियत बमेजिम समय समयमा तिर्नु/वुझाउनु पर्नेमा सो नतिरी नवुझाई ऋण कर्जा सम्वन्धी शर्त बन्देज उल्लधंन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा सम्पर्क गरी यस संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण सांवा, व्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नु होला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति समेत लिलाम विक्री गरि वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने छ। साथै उक्त चल अचल सम्पत्ति लिलाम विक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखत तथा प्रचलित कानुन बमोजिम ऋणी तथा जमानी कर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
१.**ऋणीको विवरण:** सुवरा खातुन, ना.प्र.नः१२९९८९, जारी मितिः २०५९-०७-०६, जिल्ला : कास्कि, स्थायी ठेगानाः खजुरा-०३ मनकामना, हालको ठेगानाः खजुरा-०३ मनकामना, पतिको/पत्निको नामः अब्दुर बारी मिया, बुबाको नामः महमद अलि, ससुरा/बाजेको नामः मोहम्मद अमिन मिया, **धन जमानीकर्ताको नाम:** आफ्ताव आलम अन्सारी, ना.प्र.नं. ६६०१/६९/०९०१३, जारी मितिः २०६९-१२-११, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२.**ऋणीको विवरण:** कमला देवि विश्वकर्मा, ना.प्र.नः५०५, जारी मितिः २०४६-०१-३१, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-०३ मनकामना, हालको ठेगानाः खजुरा-०३ मनकामना, पतिको/पत्निको नामः नन्दराम कामी (विश्वर्कमा), बुबाको नामः धन बहादुर विश्वर्कमा, ससुरा/बाजेको नामः काले विश्वर्कमा कामी, **धन जमानीकर्ताको नाम:** नन्दराम कामी (विश्वर्कमा), ना.प्र.नं.: ४०८/७४, जारी मितिः २०४४-११-०४, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
३.**ऋणीको विवरण:** गंगा विश्वर्कमा, ना.प्र.नः६६-०१-६९-०९०८१, जारी मितिः २०६९-१२-३, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-०३ मनकामना, हालको ठेगानाः खजुरा-०३ मनकामना, पतिको/पत्निको नामः नरेश विश्वर्कमा , बुबाको नामः चन्द्र बहादुर विश्वर्कमा, ससुरा/बाजेको नामः खम्बे कामी, **धन जमानीकर्ताको नाम:** ....., ना.प्र.नं.: ....., जारी मितिः .....

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
४.**ऋणीको विवरण:** रिता वि.क., ना.प्र.नः६५१००३-१०१३, जारी मितिः २०५९-०८-१२, जिल्ला : बर्दिया, स्थायी ठेगानाः खजुरा-०३ मनकामना, हालको ठेगानाः खजुरा-०३ मनकामना, पतिको/पत्निको नामः तारानाथ बि.क., बुबाको नामः दिल बहादुर कामी , ससुरा/बाजेको नामः रण बहादुर बि.क., **धन जमानीकर्ताको नाम:** तारानाथ बि.क., ना.प्र.नं.: २/२६३३, जारी मितिः २०५२-०९-१६, बर्दिया

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
५.**ऋणीको विवरण:** रुक्मीना कुमारी पाण्डे मगर, ना.प्र.नः१-१२१, जारी मितिः २०४६-०८-०३, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-०४ डि. गाउँ, हालको ठेगानाः खजुरा-०४ डि. गाउँ, पतिको/पत्निको नामः होम बहादुर पुन मगर, बुबाको नामः चन्द्र बहादुर पाण्डे मगर , ससुरा/बाजेको नामः राजविर पुन मगर, **धन जमानीकर्ताको नाम:** होम बहादुर पुन मगर, ना.प्र.नं.: ३४४, जारी मितिः २०४४-११-०२, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
६.**ऋणीको विवरण:** रितु कामी, ना.प्र.नः४३२-००९-३८६६६२, जारी मितिः २०६०-०८-१८, जिल्ला : रुकुम, स्थायी ठेगानाः खजुरा-०४ डि. गाउँ, हालको ठेगानाः खजुरा-०४ डि. गाउँ, पतिको/पत्निको नामः भागिराम कामी, बुबाको नामः तिलक सुनार , ससुरा/बाजेको नामः प्ररविर कामी, **धन जमानीकर्ताको नाम:** भागिराम कामी, ना.प्र.नं.: ४५१४-९४१, जारी मितिः २०४५-०३-०६, रुकुम

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
७.**ऋणीको विवरण:** पूष्पा राना मगर, ना.प्र.नः१८२०४, जारी मितिः २०६२-०१-१२, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-०४ बि. गाउँ, हालको ठेगानाः खजुरा-०४ बि. गाउँ, पतिको/पत्निको नामः केशर राना मगर, बुबाको नामः मान सिंह बस्नेत , ससुरा/बाजे को नामः टेक बहादुर राना मगर, **धन जमानीकर्ताको नाम:** केशर राना मगर, ना.प्र.नं.: ७९१५, जारी मितिः २०५७-०४-२९, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
८.**ऋणीको विवरण:** मिना कुमारी थापा मगर, ना.प्र.नः७८१६, जारी मितिः २०५७-०४-१२, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-०३ १ नम्बर बजार, हालको ठेगानाः खजुरा-०३ १ नम्बर बजार, पतिको/पत्निको नामः बुद्धिमान थापा मगर, बुबाको नामः इन्द्र बहादुर राना मगर , ससुरा/बाजेको नामः कृतिमान थापा मगर, **धन जमानीकर्ताको नाम:** बुद्धिमान थापा मगर, ना.प्र.नं.: ४२१८३, जारी मितिः २०५०-०२-२७, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
९.**ऋणीको विवरण:** रुपा थापा मगर, ना.प्र.नः६६३०४०-१३७, जारी मितिः २०६३-१०-१८, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-०३,१ नम्बर बजार, हालको ठेगानाः खजुरा-०३, १ नम्बर बजार, पतिको/पत्निको नामः सुन्दर गुरुङ, बुबाको नामः मिन बहादुर थापा मगर , ससुरा/बाजेको नामः जस बहादुर गुरुङ, **धन जमानीकर्ताको नाम:** सुन्दर गुरुङ, ना.प्र.नं.: १६९७०, जारी मितिः २०६१-०६-११, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
१०.**ऋणीको विवरण:** अञ्जु जिएम, ना.प्र.नः६६१०४४-१६४, जारी मितिः २०६४-०८-०२, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-०३,बि.गाउँ , हालको ठेगानाः खजुरा-०३,बि.गाउँ , पतिको/पत्निको नामः सरोज कुमार जिएम, बुबाको नामः जिवन प्रकाश पून, ससुरा/बाजेको नामः कर्ण बहादुर घर्ति मगर, **धन जमानीकर्ताको नाम:** सरोज कुमार जिएम, ना.प्र.नं.: १४५९८, जारी मितिः २०६०-०४-२५, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
११.**ऋणीको विवरण:** विष्णु खत्री, ना.प्र.नः६६१०१९-४१३, जारी मितिः २०६८-०७-२३, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-०१,सैनिक, हालको ठेगानाः खजुरा-०१,सैनिक, पतिको/पत्निको नामः नर बहादुर खत्री , बुबाको नामः चन्द्र बहादुर वली , ससुरा/बाजेको नामः दल बहादुर खत्री, **धन जमानीकर्ताको नाम:** नर बहादुर खत्री, ना.प्र.नं.: ३३८१५-३२२९, जारी मितिः २०५५-०९-०८, दैलेख

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
१२.**ऋणीको विवरण:** हिरा चन्द, ना.प्र.नः६६३०४४-६३३, जारी मितिः २०७०-०१-३१, जिल्ला : बाँके, स्थायी ठेगानाः बैजनाथ-०७,पनौतिपुर, हालको ठेगानाः बैजनाथ-०७,पनौतिपुर, पतिको/पत्निको नामः तिरविर सिंह , बुबाको नामः तिर बहादुर चन्द , ससुरा/बाजेको नामः झुपा सिंह, **धन जमानीकर्ताको नाम:** पार्वती चन्द ठकुरी, ना.प्र.नं.: २१०१७, जारी मितिः २०६२-१०-०२, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
१३.**ऋणीको विवरण:** कल्पना थापा, ना.प्र.नः६६३०३९-५६, जारी मितिः २०६४-११-२७, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-१, सैनिक, हालको ठेगानाः खजुरा-१, सैनिक, पतिको/पत्निको नामः याम बहादुर थापा , बुबाको नामः छविलाल थापा , ससुरा/बाजेको नामः कुल बहादुर थापा, **धन जमानीकर्ताको नाम:** याम बहादुर थापा, ना.प्र.नं.: ५९९१, जारी मितिः २०५९-०३-२३, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
१४.**ऋणीको विवरण:** राधिका थापा मगर, ना.प्र.नः६६१०१६-६०८, जारी मितिः २०६७-१०-२३, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-३, बि.गाउँ, हालको ठेगानाः खजुरा-३, बि.गाउँ, पतिको/पत्निको नामः मान बहादुर थापा मगर , बुबाको नामः कृष्ठ बहादुर पुन मगर , ससुरा/बाजेको नामः रत्न बहादुर थापा मगर, **धन जमानीकर्ताको नाम:** मान बहादुर थापा मगर, ना.प्र.नं.: १४४२०, जारी मितिः २०६१-०९-०१, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
१५.**ऋणीको विवरण:** भिमा रेग्मी, ना.प्र.नः५९८८, जारी मितिः २०५६-१२-०३, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-३, बि.गाउँ, हालको ठेगानाः खजुरा-३, बि.गाउँ, पतिको/पत्निको नामः कृष्ण रेग्मी , बुबाको नामः दसरथ मल्ल , ससुरा/बाजेको नामः चन्द्र प्रसाद रेग्मी, **धन जमानीकर्ताको नाम:** कृष्ण रेग्मी, ना.प्र.नं.: १८५८२, जारी मितिः ....., बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
१६.**ऋणीको विवरण:** तुल्सी कुमारी थापा, ना.प्र.नः१७०३४, जारी मितिः २०६१-०६-१९, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-३, बि.गाउँ, हालको ठेगानाः खजुरा-३, बि.गाउँ, पतिको/पत्निको नामः सुजर बहादुर चन्द , बुबाको नामः राम बहादुर थापा मगर , ससुरा/बाजेको नामः जय बहादुर चन्द, **धन जमानीकर्ताको नाम:** सुरज बहादुर चन्द, ना.प्र.नं.: ५५८९१-१०४६, जारी मितिः २०५९-०५-०९, सुर्खेत

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
१७.**ऋणीको विवरण:** लक्ष्मी बि.क., ना.प्र.नः६६१०३६-५, जारी मितिः २०६४-०२-०१, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-३, धौलागीरी, हालको ठेगानाः खजुरा-३, धौलागीरी, पतिको/पत्निको नामः गौरीलाल कामी , बुबाको नामः गान्टो सुनार , ससुरा/बाजेको नामः बिर सिंह कामी, **धन जमानीकर्ताको नाम:** गौरीलाल कामी, ना.प्र.नं.: १८४, जारी मितिः २०५८-१०-१९, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
१८.**ऋणीको विवरण:** गंगा बि.क., ना.प्र.नः६६१-१४३, जारी मितिः २०६४-०३-०८, जिल्ला : बाँके, स्थायी ठेगानाः खजुरा-३, धौलागीरी, हालको ठेगानाः खजुरा-३, धौलागीरी, पतिको/पत्निको नामः टेक बहादुर बि.क. , बुबाको नामः जगतार सिंह , ससुरा/बाजेको नामः बिर सिंह कामी, **धन जमानीकर्ताको नाम:** टेक बहादुर बि.क., ना.प्र.नं.: १९५८२, जारी मितिः २०६२-०५-१४, बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
१९.**ऋणीको विवरण:** टेकमाया पुरी, ना.प्र.नः२९०१२, जारी मितिः २०६२-१०-०४, जिल्ला : बर्दिया, स्थायी ठेगानाः खजुरा-७, सिन्धुरी, हालको ठेगानाः खजुरा-७, सिन्धुरी, पतिको/पत्निको नामः धर्म पुरी , बुबाको नामः देव बहादुर गुरुङ , ससुरा/बाजेको नामः टिके पुरी, **धन जमानीकर्ताको नाम:** धर्म पुरी, ना.प्र.नं.: १५५५०, जारी मितिः २०५८-०८-१३, बर्दिया

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२०.**ऋणीको विवरण:** बसन्ती सापकोटा , ना.प्र.नः५२२०१०-११८३, जारी मितिः २०७२-११-३०, जिल्ला : दाङ, स्थायी ठेगानाः खजुरा-३, बजार, हालको ठेगानाः खजुरा-३, बजार, पतिको/पत्निको नामः हुकुम बहादुर सापकोटा , बुबाको नामः धन बहादुर क्षेत्री , ससुरा/बाजेको नामः प्रेम बहादुर सापकोटा, **धन जमानीकर्ताको नाम:** हुकुम बहादुर सापकोटा, ना.प्र.नं.: ३९६२०, जारी मितिः २०५९-११-१४, दाङ

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२१.**ऋणीको विवरण:**
नामः यशोदा शाही, ना.प्र.नः ६५१०२१/२२९, जारी मिति र जिल्लाः २०६६-०१-०७ बर्दिया, स्थायी ठेगानाः खजुरा-३ बि गाउँ , हालको ठेगानाः खजुरा-३ बि गाउँ, पतिको/पत्निको नामः कर्ण बहादुर शाही, बुबाको नामः रमेश कुमार ढकाल, ससुरा/बाजेको नामः गोरु शाही, **धन जमानीकर्ताको नाम:** विष्णु भण्डारी, ना.प्र.नं. १७१६४, जारी मिति र जिल्लाः २०६१-०७-१८ बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२२.**ऋणीको विवरण:**
नामः नुतन निशा, ना.प्र.नः ६६१०४३/२, जारी मिति र जिल्लाः २०६३-१०-१४ बाँके, स्थायी ठेगानाः खजुरा-३ बजार , हालको ठेगानाः खजुरा-३ बजार, पतिको/पत्निको नामः बैतुल आब्दिन मिया, बुबाको नामः शेरअलि मिया, ससुरा/बाजेको नामः रोजनदिन मिया, **धन जमानीकर्ताको नाम:** जैनुल आदिन, ना.प्र.नं. ६६/०१/७७/०७४५२, जारी मिति र जिल्लाः २०७७-११-२५ बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२३.ऋणीको विवरण:
नामः राधा देवी सेन, ना.प्र.नः ४८४९, जारी मिति र जिल्लाः २०५९-०९-२२ बाँके, स्थायी ठेगानाः खजुरा-२ एल गाउँ , हालको ठेगानाः खजुरा-२ एलगाउँ, पतिको/पत्निको नामः डम्बर सेन, बुबाको नामः एन बहादुर सिंह, ससुरा/बाजेको नामः , **धन जमानीकर्ताको नाम:** टिका बिक्रम मल्ल, ना.प्र.नं. ६६३०३८/४०४, जारी मिति र जिल्लाः २०६३-१०-१० बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२४.ऋणीको विवरण:
नामः सुशिला चन्द ठकुरी, ना.प्र.नः २०८३६, जारी मिति र जिल्लाः २०६२-०६-१४ बाँके, स्थायी ठेगानाः खजुरा-२ एल गाउँ , हालको ठेगानाः खजुरा-२ एलगाउँ, पतिको/पत्निको नामः विरध्वज चन्द ठकुरी, बुबाको नामः धन बहादुर शाह , ससुरा/बाजेको नामः भुपेन्द्र बहादुर चन्द , **धन जमानीकर्ताको नाम:** याम बहादुर सिंह ठकुरी, ना.प्र.नं. ११४३५, जारी मिति र जिल्लाः २०४४-०३-३२ बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२५.ऋणीको विवरण:
नामः निर्मला सुनार, ना.प्र.नः ६६१०३९/४५९, जारी मिति र जिल्लाः २०६८-१०-२३ बाँके, स्थायी ठेगानाः खजुरा-१ सैनिक , हालको ठेगानाः खजुरा-१ सैनिक, पतिको/पत्निको नामः चन्द्र बहादुर सुनार, बुबाको नामः कालुराम कामी, ससुरा/बाजेको नामः पदम बहादुर सुनार , **धन जमानीकर्ताको नाम:** गिता कुमारी सुनार, ना.प्र.नं. ६३/०१/७६/००७२८, जारी मिति र जिल्लाः २०७६-०२-१९ बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२६.ऋणीको विवरण:
नामः नसिमा खातुन, ना.प्र.नः ६६३०४३/११५, जारी मिति र जिल्लाः २०६३-११-२३ बाँके, स्थायी ठेगानाः खजुरा-३ बजार, हालको ठेगानाः खजुरा-३ बजार, पतिको/पत्निको नामः मोहदिन अजिज मिया, बुबाको नामः युवराज त्रिपाठी, ससुरा/बाजेको नामः रोजनदिन मिया , **धन जमानीकर्ताको नाम:** नुतन निशा, ना.प्र.नं. ६६१०४३/२, जारी मिति र जिल्लाः २०६३-१०-२४ बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२७.ऋणीको विवरण:
नामः प्रदिप कुमार थापा मगर, ना.प्र.नः ६३९८/६६९८, जारी मिति र जिल्लाः २०५६-१०-२० बाँके, स्थायी ठेगानाः खजुरा-३ बजार, हालको ठेगानाः खजुरा-३ बजार, पतिको/पत्निको नामः गिता ढुंगाना, बुबाको नामः भुवन बहादुर थापा मगर, ससुरा/बाजेको नामः दल बहादुर थापा मगर , **धन जमानीकर्ताको नाम:** गिता ढुंगाना, ना.प्र.नं.११२३०, जारी मिति र जिल्लाः २०५८-१०-३० बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२८.ऋणीको विवरण:
नामः देवि विश्वकर्मा , ना.प्र.नः १५३९, जारी मिति र जिल्लाः २०५३-०५-११ बाँके, स्थायी ठेगानाः खजुरा-३ मनकामना, हालको ठेगानाः खजुरा-३ मनकामना, पतिको/पत्निको नामः मान बहादुर विश्वकर्मा, बुबाको नामः इन्द्र बहादुर विक, ससुरा/बाजेको नामः लाल बहादुर कामी , **धन जमानीकर्ताको नाम:** सन्तोष सुनार, ना.प्र.नं.६६/०१/७५/०२१७८, जारी मिति र जिल्लाः २०७५-०३-३२ बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
२९.ऋणीको विवरण:
नामः मनरूपा सुनार , ना.प्र.नः ३९, जारी मिति र जिल्लाः २०४६-०८-०२ बाँके, स्थायी ठेगानाः खजुरा-३ मनकामना, हालको ठेगानाः खजुरा-३ मनकामना, पतिको/पत्निको नामः इन्द्र बहादुर सुनार, बुबाको नामः, ससुरा/बाजेको नामः मन बहादुर सुनार , **धन जमानीकर्ताको नाम:** पवित्रा कामी, ना.प्र.नं.५०४, जारी मिति र जिल्लाः २०४६-०१-०१ बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
३०.ऋणीको विवरण:
नामः सिता राना , ना.प्र.नः ११३२०, जारी मिति र जिल्लाः २०५८-११-०८ बाँके, स्थायी ठेगानाः खजुरा-३ बि गाउँ, हालको ठेगानाः खजुरा-३ बि गाउँ, पतिको/पत्निको नामः दुर्गा बहादुर राना मगर, बुबाको नामः लिला बहादुर राना, ससुरा/बाजेको नामः खम्ब सिंह राना मगर , **धन जमानीकर्ताको नाम:** दुर्गा बहादुर राना मगर, ना.प्र.नं.६५५७/२३४२, जारी मिति र जिल्लाः २०४७-०८-२५ बाँके

कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, खजुरा शाखा
३१.ऋणीको विवरण:
नामः बिमला सुनार , ना.प्र.नः २६४/०६२, जारी मिति र जिल्लाः २०६२-०४-२५ रोल्पा, स्थायी ठेगानाः खजुरा-३ बि गाउँ, हालको ठेगानाः खजुरा-३ बि गाउँ, पतिको/पत्निको नामः गोपाल सुनार, बुबाको नामः गंगाराम टमटा, ससुरा/बाजेको नामः धनिराम सुनार , **धन जमानीकर्ताको नाम:** गोपाल बहादुर सुनार, ना.प्र.नं. ५५३, जारी मिति र जिल्लाः २०४४-११-०८ बाँके

सुरु भयो कोशेलीघर नेपालगन्जमा 'तिहार उत्सव-२०८३'

सुनिता श्रेष्ठ
नेपालगन्ज, १८ कात्तिक



स्वदेशी तथा अर्गानिक उत्पादनको प्रवर्द्धन गर्नुका साथै महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सामग्रीको बजारीकरण गर्ने उद्देश्यले बाँकेको नेपालगन्जमा दुई दिने 'तिहार उत्सव-२०८३' सुरु भएको छ। उत्सवको आज समापन हुनेछ।

महिला उद्यमी संघ नेपाल बाँकेद्वारा सञ्चालित कोशेली घर नेपालगन्जको आयोजनामा भएको उत्सवमा बाँकेका महिला उद्यमीहरूले आफ्नै मिहिनत, सीप र सिर्जनशीलताबाट उत्पादन तथा निर्माण गरेका विभिन्न वस्तु तथा सामग्री बिक्री वितरणको लागि राखिएको छ। उत्सवको पहिलो विभिन्न उद्योग तथा व्यवसायीहरूले अवलोकन गर्नु भएको थियो।

नेपाली उत्पादनको उपभोग बढाउने, स्थानीय उत्पादनलाई बजारसँग जोड्ने र महिला उद्यमीलाई आफ्नो उत्पादनको प्रचारप्रसार तथा बिक्री गर्ने अवसर प्रदान गर्ने उद्देश्यले उत्सव आयोजना गरिएको हो।

उत्सवमा घर सजावट, पूजाआजा, भाइटीका, देउसीभैलो तथा विभिन्न परम्परागत गतिविधिका लागि आवश्यक सामग्री राखिएका छन। उत्सवमा विशेषगरी तिहारमा प्रयोग हुने पूजाका सामग्री, विभिन्न परिकार तथा खानेकुरा, शृङ्गारका सामान, हस्तकलाका सामग्री, लत्ताकपडा, पुष्पमाला, घर सजावटका सामग्री, अर्गानिक खाद्यान्नलगायत स्थानीय स्तरमा उत्पादन गरिएका वस्तुहरू बिक्रीको लागि राखिनेछन्। यसले तिहारका लागि आवश्यक सामग्री खरिद गर्न चाहने उपभोक्तालाई सहजता प्रदान गर्नुका साथै स्थानीय उत्पादनको पहिचान र बजार विस्तारमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

तिहार उत्सवमा करिब १२ वटा स्टल राखिएका छन। कोशेली घर नेपालगन्जले गत वर्षदेखि तिहारलाई लक्षित गरी महिला उद्यमीका घरायसी तथा स्थानीय उत्पादनको प्रवर्द्धन गर्न तिहार उत्सव आयोजना गर्दै आएको छ। गत वर्ष सुरु गरिएको यस प्रयासलाई निरन्तरता दिँदै यस वर्ष पनि तिहार उत्सव आयोजना गरेको हो।

कोशेली घरले महिला उद्यमीका उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउने माध्यमका रूपमा काम गर्दै आएको छ। घरमै उत्पादन गरिएका खाद्य सामग्री, हस्तकलाका वस्तु, परम्परागत सामग्री तथा स्थानीय सीप र प्रविधिमा आधारित उत्पादनलाई बजार उपलब्ध गराउनु यसको प्रमुख उद्देश्य हो। तिहार उत्सवले यस्ता उत्पादनलाई एकै स्थानमा प्रदर्शनी तथा बिक्रीका लागि राख्ने अवसर प्रदान गर्नेछ।

आयोजकका अनुसार उत्सवको मुख्य उद्देश्य महिला उद्यमीलाई प्रोत्साहन गर्नु, उनीहरूले उत्पादन गरेका सामग्रीको बजार विस्तार गर्नु र स्वदेशी उत्पादनप्रति उपभोक्ताको आकर्षण बढाउनु हो। विशेषगरी चाडपर्वका समयमा बजारमा बाह्य उत्पादनको प्रयोग बढ्ने अवस्थामा स्थानीय स्तरमा उत्पादन भएका वस्तु तथा सामग्रीको उपयोगलाई प्राथमिकता दिन उत्सवले प्रेरित गर्ने विश्वास गरिएको छ।

यसैगरी नेपाली मौलिक संस्कृति, परम्परा र जीवनशैलीसँग जोडिएका परिकार तथा सामग्रीको प्रवर्द्धन गर्नु पनि उत्सवको अर्को महत्वपूर्ण उद्देश्य रहेको छ। तिहारमा प्रयोग हुने परम्परागत पूजाका सामग्री, स्थानीय खाद्य परिकार, फूलमाला तथा हस्तकलाका वस्तुको प्रदर्शनी र बिक्रीले नेपाली मौलिकता र स्थानीय उत्पादनको महत्वलाई उजागर गर्ने अपेक्षा गरिएको छ।

उत्सवका क्रममा स्टलमा राखिएका सामग्री तत्काल बिक्री वितरण गर्नुका साथै उत्सव सम्पन्न भएपछि पनि उपभोक्ताको मागअनुसार ती वस्तु तथा सामग्री कोशेली घर नेपालगन्जमा उपलब्ध गराउने व्यवस्था मिलाइने आयोजकले जनाएको छ। यसले दुई दिनको उत्सवमा मात्रै सीमित नभई महिला उद्यमीका उत्पादनलाई नियमित रूपमा बजारसँग जोड्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

महिला उद्यमी संघ नेपाल बाँकेले विगत एक दशकदेखि महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सामग्रीको बजारीकरण र प्रवर्द्धनका लागि विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ। संघले हरेक वर्ष लुम्बिनी प्रदेशस्तरीय प्रदर्शनी आयोजना गर्दै महिला उद्यमीका उत्पादनलाई व्यापक रूपमा प्रचारप्रसार तथा बिक्री वितरण गर्ने अवसर प्रदान गर्दै आएको छ।

यस्ता प्रदर्शनी तथा उत्सवले महिलालाई व्यापार, व्यवसाय र उद्यमशीलताप्रति आकर्षित गर्नुका साथै आफ्नै सीप, श्रम र क्षमताको उपयोग गरी आर्थिक रूपमा आत्मनिर्भर बन्न प्रेरित गर्ने विश्वास गरिएको छ। महिला उद्यमीले उत्पादन गरेका वस्तुहरूको बजार विस्तार हुँदा उनीहरूको आम्दानी बढ्नुका साथै स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक योगदान पुग्न सक्छ।

विशेषगरी घरायसी सीप र परम्परागत ज्ञानमा आधारित उत्पादनलाई व्यावसायिक रूप दिन, नयाँ बजार खोज्न र उपभोक्तासँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्न यस्ता कार्यक्रम उपयोगी हुने देखिन्छन्। कोशेली घरले आयोजना गर्न लागेको तिहार उत्सवले पनि महिला उद्यमीका उत्पादनलाई थप पहिचान दिलाउँदै स्वदेशी तथा अर्गानिक वस्तुको उपभोग संस्कृतिलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ।

योगिनी एसएलसी ब्याज-२०५३ को पुर्नमिलन तथा गुरु सम्मान कार्यक्रम सम्पन्न



कालपृष्ठ समाचारदाता
नेपालगन्ज, १८ कात्तिक

बाँकेको पुरानो सामुदायिक विद्यालय योगिनी माध्यमिक विद्यालय गौघाटको एसएलसी ब्याच-२०५३ का विद्यार्थीहरूले आयोजना गरेको भेटघाट, पुनर्मिलन कार्यक्रममा गुरुलाई सम्मान सम्मान गरिएको छ। साथै कार्यक्रमको अवसरमा विद्यालयको शैक्षिक स्तर विकास गर्न अन्य महत्वपुर्ण छलफल समेत भएको छ।

खजुरा मिनी पार्कमा भएको आयोजित कार्यक्रममा तीन दशकपछि एकै ठाउँमा भेला भएका पूर्व विद्यार्थीहरूले पुराना स्मृति साटासाट गर्नुका साथै आफूहरूलाई शिक्षा, ज्ञान र संस्कार प्रदान गर्ने गुरुहरूलाई सम्मान गर्नु भएको थियो।

पूर्व विद्यार्थी अमृता नेपालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि विद्यालयका गुरु अर्जुनप्रसाद श्रेष्ठ रहनुभएको थियो। कार्यक्रममा विद्यालयका वर्तमान तथा पूर्व प्रधानाध्यापक, पूर्व शिक्षक, कार्यरत शिक्षक र पूर्व विद्यार्थीहरूको सहभागिता रहेको थियो। कार्यक्रमको प्रारम्भमा पूर्व विद्यार्थी डीबी तामाङले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। एसएलसी ब्याच-२०५३ का उत्कृष्ट विद्यार्थी तथा हाल ज्ञानोदय नमुना माध्यमिक विद्यालय, खजुरा-३ का प्रधानाध्यापक यमनारायण महतोले पूर्व विद्यार्थीहरूको भूमिका, विद्यालयको शैक्षिक तथा भौतिक विकासमा उनीहरूको योगदान र आगामी कार्यदिशासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शिवशंकर रोकाय, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा एसएलसी ब्याच २०५४ का पूर्व विद्यार्थी नरेन्द्रप्रसाद भारती, पूर्व प्रधानाध्यापक केदारनाथ पाठक, पूर्व शिक्षकहरू तेजविक्रम शाह, टीकाराम पोखरेल, मोहनसिंह ठकुरी, पाण्डव थापा, इन्द्रबहादुर राई, खड्गदेव शर्मा तथा हाल आदर्श माध्यमिक विद्यालयमा कार्यरत पूर्व शिक्षक हरिप्रसाद निरौलालगायतको उपस्थिति रहेको थियो।

ब्याचका कुल ३६ जना पूर्व विद्यार्थीमध्ये २४ जनाको कार्यक्रममा सक्रिय सहभागिता रहेको थियो। सहभागीमध्ये १२ जना महिला र १२ जना पुरुष रहेका थिए। कार्यक्रममा वक्ताहरूले यस्ता पुनर्मिलनले गुरु-शिष्य सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै मातृ विद्यालयको विकासमा पूर्व विद्यार्थीहरूको भूमिका महत्वपूर्ण हुने धारणा व्यक्त गरेका थिए।

कार्यक्रमका अवसरमा सामाजिक उत्तरदायित्व तथा गुरुहरूप्रतिको कृतज्ञतासँग जोड्दै पूर्व विद्यार्थीहरूले दुई महत्वपूर्ण सहयोग गर्नु भएको छ।

पूर्व विद्यार्थीहरूको सामूहिक पहलमा विद्यालयको नवनिर्मित हलको लागि आवश्यक कुर्सी खरिद तथा व्यवस्थापन गर्न २५ हजार रूपैयाँ विद्यालयलाई हस्तान्तरण गरिएको छ। शारीरिक रूपमा अस्वस्थ रहनुभएका कार्यक्रमका प्रमुख अतिथि तथा आदरणीय गुरु अर्जुनप्रसाद श्रेष्ठको उपचार सहयोगार्थ थप २५ हजार रूपैयाँ नगद प्रदान गरिएको छ। यसैगरी कार्यक्रममा सहभागी पूर्व विद्यार्थीहरूले योगिनी माध्यमिक विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा संस्थागत विकासमा निरन्तर योगदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११५८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।